स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री श्वेता खड्काले फिल्मबाट ब्रेक लिएको करिब ७ वर्ष भइसकेको छ । उनी पछिल्लो पटक आफैंले निर्माण गरेको फिल्म "कान्छी"मा देखिएकी थिइन् । यसपछि उनले बाहिरी ब्यानरका केही फिल्म सम्झौता गरे पनि कुनै बन्दै बनेनन् भने कुनैबाट आफैं बाहिरिइन् । यतिबेला उनी आफ्नै विभिन्न व्यवसायमा व्यस्त छिन् । इन्जिनियरिङ क्षेत्रदेखि कफी सपसम्म उनको ठूलो लगानी छ ।

**आजको विचार...**



स्वस्थ... (दुई पेजमा)

डा. विश्वराज दवाडी



पहलगाम आतङ्कवादी हमलापछि भारतमा सबै पाकिस्तानी कलाकारहरुको सामाजिक सञ्जाल खाताहरु प्रतिबन्धित गरिएको थियो। यद्यपि, अब उनीहरुको सामाजिक सञ्जाल खाताहरुमाथिको प्रतिबन्ध हटाइएको छ। यद्यपि, हानिया आमिर र माहिरा खान जस्ता धेरै सेलिब्रेटीहरु छन् जसको खाताहरु अझै पनि प्रतिबन्धित छन्। बलिउड फिल्म सनम तेरी कसममा देखिएकी पाकिस्तानी अभिनेत्री मावरा होकेनको इन्स्टाग्राम अहिले भारतमा सक्रिय देखिन्छ ।

❒ वर्ष ३० ❒अंक ३३८ ❒ २०८२ असार १९ गते बिहीबार 3 July 2025, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

**संक्षिप्त समाचार**

## डेंगुले ४२ जनाको मृत्यु

(रासस/सिन्ह्वा)

**ढाका, असार १८/** बङ्गलादेशमा जुन महिनामा डेङ्गुका मामिला उल्लेखनीय रूपमा बढ्दा यस वर्ष अहिलेसम्म १० हजारभन्दा बढी सङ्क्रमित हुनुका साथै ४२ जनाको मृत्यु भएको जनाइएको छ । मे महिनामा एक हजार सात सय ७३ मानिस भाइरल रोगबाट सङ्क्रमित भएपछि जुनसम्म पाँच हजार नौ सय ५१ थप डेङ्गुका घटनाहरू रेकर्ड गरिएको छ । स्वास्थ्य मन्त्रालय अन्तर्गतको स्वास्थ्य सेवा महानिर्देशालय (डिजिएचएस) ले सोमबार सार्वजनिक गरेको तथ्यांकले यस वर्ष अहिलेसम्म डेङ्गुका सङ्क्रमितको संख्या १० हजार दुई सय ९६ पुगेको देखाएको छ । सोमबार स्थानीय समयअनुसार ८:०० बजेसम्म २४ घण्टामा राजधानी ढाकामा ८७ सहित कुल चार सय २९ नयाँ डेङ्गुका घटना रिपोर्ट गरिएको डिजिएचएसको तथ्यांकले देखाएको छ । जुनमा १९, मेमा तीन, अप्रिलमा सात, फेब्रुअरीमा तीन र जनवरीमाा १० जनाको मृत्यु भएको डिजिएचएसले जनाएको छ । यस वर्ष जनवरी १ देखि जुन ३० सम्म देशभरका विभिन्न अस्पतालबाट उपचारपछि नौ हजार ८७ जना डेङ्गुका बिरामी घर फर्केका छन् । जुन-सेप्टेम्बर मनसुन अवधि बङ्गलादेशमा डेङ्गु ज्वरोको मौसम हो । बङ्गलादेशे लामखुट्टेबाट हुने रोगहरूको उच्च जोखिममा रहेको राष्ट्र हो ।

# सुनचाँदी व्यवसायीले मागे अर्थमन्त्रीको राजीनामा

## पसल बन्द गरेरै उत्रिए सडकमा

**रामचन्द्र रायमाझी**

**पाल्पा, असार १८/** पाल्पाका सुनचाँदी व्यवसायीहरुले उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलको राजीनामा माग गरेका छन् । बुधबार तानसेनको शितलपाटीमा भेला भइ सुनचाँदी व्यवसायीहरुले अर्थमन्त्री पौडेलको राजीनामा माग गर्दै आन्दोलन गरेका हुन् ।

उनीहरुले अर्थमन्त्री पौडेलले आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेटमा सुनचाँदी गहनामा लगाएको अनावश्यक विलासिता करको व्यवस्थाले व्यवसाय थप संकटमा पर्ने अवस्था सिर्जना भएको भन्दै अर्थमन्त्रीले तत्काल राजीनामा दिनुपर्ने बताएका छन् । आगामी आर्थिक वर्षको विधेयकमा सरकारले सुनमा लगाएको दुई प्रतिशत विलासिता कर र हिरामा लगाएको १३ प्रतिशत मूल्य अभिवृद्धि करको विनियोजन विधेयक पास हुँदा समेत आफूहरुको माग सम्बोधन नभएकाले बाध्य भएर सडक आन्दोलनमा उत्रिनु परेको पाल्पा सुनचाँदी व्यवसायी संघका अध्यक्ष प्रेमलाल पौडेलले बताए । उनले भने" देशभरका सुनचाँदी व्यवसायीहरु आन्दोलित हुँदा समेत सरकारले हामीहरुको मागलाई बेवास्ता गर्दै आएको छ । सरकारका विरुद्ध हामी पसल नै बन्द गरेर आन्दोलनमा उत्रिनु









परेको छ । माग सम्बोधन हुँदैन भने अर्थमन्त्रीले तत्काल राजीनामा दिनुपर्छ । हैन भने हामी थप सशक्त भएर सडक आन्दोलनमा जान्छौं ।"

व्यवसायीहरुले बुधबार नारा लगाउँदै सडकमा आन्दोलन गरेका थिए । उनीहरुले 'अर्थमन्त्री राजीनामा दे', 'सुनमा लगाएको २ प्रतिशत विलासिता कर खारेज गर', 'सुनचाँदी हिरा, जवाहारातमा लगाइएको १३ प्रतिशत भ्याट खारेज गर', '६ प्रतिशत भन्सार दर कायम गर', 'नीति निर्देशीका लागु गर', 'उपभोक्ता मारा कर नीति खारेज गर', 'हाम्रो आन्दोलन जारी छ' लगायतका नारा लगाउँदै नगर परिक्रम गरेका थिए । सरकारले आफुहरुको माग नसुनेकाले ६ दिनदेखि पसल बन्द गरेर आन्दोलनमा उत्रिएको संघका महासचिव प्रविणराज शाक्यले बताए । उनले भने "नयाँ बजेटमा सरकारले सुनमा २ प्रतिशत विलासिता कर र हीरा पत्थरमा १३ प्रतिशत कर लगाएकाले तत्काल खारेज हुनुपर्ने माग गर्दै पसल बन्द गरेको आज ६ दिन भयो । तर पनि सरकारले हाम्रो माग सुनेको छैन् । सरकारले तत्काल माग सम्बोधन नगरे हामी कडा रुपमा अन्दोलनमा जाने छौं ।" अहिलेको अवस्थामा सरकारले गहनामा कर लगाएर स्वदेशी व्यवसायीहरुलाई पलायन गराई सिमापारका व्यवसायीहरुलाई प्रोत्साहन गर्न खोजेको महासचिव शाक्यको आरोप छ । उनले भने "केही समय यता सुन महँगीएर पसलहरु बन्द गर्नुपर्ने र दक्ष कालीगढहरु विदेश पलायन हुने अवस्था सिर्जना भएको बेला सरकारले थप विलासिताको कर लगाएर समस्यामा पारेको छ ।" टुँडिखेलको विरेन्द्र फुलबारीबाट निस्किएको विरोध र्‍याली शितलपाटी पुगेर कोणसभामा परिणत भएको थियो । कोणसभामा संघका जिल्ला सदस्य महेश बराल, रामपुर सुनचाँदी व्यवसायी संघका सदस्य सनु रिजाल, अनुगमन समितिका संयोजक दिलिप कुमार समरघाती, आन्दोलन परिचालन समितिका संयोजक अशोक विश्वकर्मा लगायतले तत्काल व्यवसायीहरुका जायज मागहरु सम्बोधन गर्न सरकारलाई आग्रह गरे ।

# सिद्धबाबा सुरुङमार्गमा 'इन्भर्ट' निर्माणको काम सकियो



**पाल्पा, असार १८/** सिद्धबाबा सुरुङमार्गमा 'इन्भर्ट' निर्माणको काम सकिएको छ । मुख्य टनेलको कुल एक हजार ८९ मिटरमा इन्भर्टको निर्माण कार्य सकिएको हो ।

बुधबारदेखि 'इन्भर्ट' निर्माणको सबै काम सकिएको सिद्धबाबा सुरुङमार्ग आयोजना कार्यालयकी इन्जिनीयर सविता ज्ञवालीले बताइन् । उनले भनिन् "'इन्भर्ट' निर्माणको काम आजदेखि सकिएको छ । अब हामी लाइनिङको काम धमाध अगाडि बढाइरहेका छौं ।" अहिलेसम्म लाइनिङको काम ८ सय ३४ मिटर सकिएको इन्जिनियर ज्ञवालीको भनाई छ । सिद्धार्थ राजमार्ग अन्तर्गत पाल्पाको तिनाउ गाउँपालिका-३, दोभान सिद्धबाबा क्षेत्रमा निर्माणाधीन सुरुङमार्गको अहिलेसम्मको समग्र भौतिक प्रगति ५६ दशमलव ३ प्रतिशत पुगेको छ । त्यस्तै, वित्तीय प्रगति ५० दशमलव २४ प्रतिशत रहेको आयोजनाले जनाएको छ । सुरुङमार्गको 'ब्रेक थ्रु' भएपछि कामले अहिले गति लिएको छ । सिद्धार्थ राजमार्गअन्तर्गत बुटवल-तानसेन सडक खण्डको माथिल्लो सिद्धबाबा मन्दिरदेखि १ हजार १ सय २६ मिटर सुरुङमार्ग २०७९ सालदेखि निर्माण सुरु भएको हो । यो आयोजनअन्तर्गत मुख्य सुरुङको 'ब्रेक थ्रु' भइसकेको छ । सुरूङमार्ग पाँच वर्षमा सक्ने गरी चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेसनले सात अर्ब ३४ करोड २१ लाख ४० हजारको लागतमा सुरु गरेको काम २०८३ सालमा सम्पन्न गर्ने लक्ष राखिएको छ ।

# काँक्रोखेतीबाट साढे दुई लाख कमाई

**रामपुर (पाल्पा), असार १८/** पाल्पा रामपुरका दिलबहादुर थापा र लालबहादुर थापाले यसपटक काँक्रोखेतीबाट मनग्य आम्दानी गर्न सफल भएका छन् । काँक्रोबाट छोटो समयमा नसोचेको आम्दानी भएपछि उनीहरु उत्साहित बनेका छन् । काममा निरन्तरको मेहेनत र व्यवसायमा आउने उतारचढावमा धैर्य गर्न सकियो भने राम्रै आयआर्जन गर्न सकिन्छ भन्ने थापा दाजुभाइले उदाहरण प्रस्तुत गरेका छन् । करिब दुई रोपनी क्षेत्रमा लगाइएको कर्मा जातको काँक्रोका स्वादले ग्राहकको मन जित्न सफल भएको छ । बिरुवा लगाएको दुई महिनाभित्र करिब दुई लाख ५० हजार बढी आम्दानी भएपछि व्यवसायमा थप हौसला बढेको दिलबहादुरले बताए । गत वैशाख ९ गते लगाएको बिरुवाले हालसम्म उत्पादन लेखाजोखा गर्दा चार हजार किलोभन्दा



बढी काँक्रो बिक्री गरेको उनीहरु बताउँछन् । जेठ-असारमा रामपुर क्षेत्रमा काँक्रोको माग राम्रो खपत हुने भएकाले यहीं समयलाई मध्यनजर गर्दै खेती गरिएको उनीहरुको भनाइ छ ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## शिक्षण सिकाइ सुधारौं

यति बेला एसइईको नतिजालाई लिएर धेरै ठाउँहरुमा वहस र चर्चा भइरहेका छन् । कतिपयले अहिलेको नतिजालाई सुधारको रुपमा लिएका छन् भने कतिपयले एकाएक नतिजामा उल्लेखीय सुधार हुनु शंकास्पद रहेको टिप्पणी गर्ने गरेका छन् । विगतका वर्षमा भन्दा यस वर्षको नतिजामा सुधार आएको चाहि पक्कै हो ।

गत वर्ष ४७ दशमलव ८७ प्रतिशत विद्यार्थी उत्तीर्ण भएकोमा यस वर्ष ६१ दशमलव ८१ प्रतिशत विद्यार्थी उत्तीर्ण भए । विगतभन्दा यो प्रतिशत १३ दशमलव ९४ प्रतिशतले बढी हो । विगतको तुलनामा यस वर्ष '४ जीपीए' ल्याउने विद्यार्थी संख्या पनि बढ्यो । यस अवस्थाले शैक्षिक उपलब्धिमा सुधार आएको संकेत गर्छ । तर, एकै वर्षबीच यतिको संख्यामा उत्तीर्ण हुने दर बढाउनका लागि शैक्षिक प्रणालीमा केके सुधार गरियो त ? यसको जवाफ भने कसैसँग पनि छैन । अहिलेको नतिजालाई हेरेर मात्र समग्र शिक्षाको अवस्था सुधार भएको भन्न भने सकिदैन । सिकाइमा सुधार गरिएको हो कि परीक्षा प्रणाली कमजोर पारियो ? भन्ने प्रश्न आम रुपमा उठेको छ । कारण जेसुकै होस्, एसईईमा आएको यो सुधार आशालाग्दो छ । यसलाई सकारात्मक रूपमा हेरिनुपर्छ । तर, सुधार परीक्षाफलभन्दा पनि शिक्षण सिकाइ क्रियाकलापलक्षित हुनुपर्छ । परीक्षा परिणामभन्दा विद्यार्थीको सिकाइमा ध्यान दिनुपर्छ । यो समयको माग र आवश्यकता दुवै हुन् । अहिले पनि पुरानै शैलीमा शिक्षण सिकाइ हुँदै आएको छ । यसले अबको प्रतिस्पर्धाको युगमा कुनै अर्थ राख्दैन । जबसम्म शिक्षण सिकाईलाई प्रविधिमैत्री,व्यवहारिक र जीवनउपयोगी बनाइँदैन तबसम्म जतिसुकै नतिजामा सुधार आए पनि त्यसको सार्थकता छैन् । अब घोकेर होइन, सिकेर पढाइ हुनुपर्छ । यसो गर्नका लागि शिक्षक सिकाइमा सुधार गर्नुपर्छ । तसर्थ अब नतिजा भन्दा पनि शिक्षण सिकाइ क्रियाकलाप सुधारतर्फ सबैले ध्यान दिन आवश्यक छ ।

## Opinion @ Social Network

पछुतो दुवैलाई हुने छ, तिमी सँगको विगतले मलाई र
म बिनाको भविष्य ले तिमीलाई

*(स्वस्तिका मैनालीको फेसबुक स्टाटस https://www.facebook.com/swastika.2145)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# स्वस्थ युवा अपाङ्ग भएर फर्किंदा पीडा हुन्छ



डा. विश्वराज दवाडी

> *यसरी जानुभन्दा मेडिकल 'फिट' छैनन् भने यतैबाट नपठाऊँ । त्यही भएर सरकारले हामीलाई अध्ययन गर्न भनेको थियो । अध्ययनको क्रममा विभिन्न खालको अवस्था देखियो । यता मेडिकल नै परीक्षण नगरी अनफिट भएकाहरूलाई पनि फिट गराएर पठाउने । अर्को भनेको, यहाँबाट फिट भएर जाने तर विदेशमा अनफिट हुने । धुवाँधुलोमा काम गर्ने मान्छेको एक्स-रे गर्दा सेतो दाग देखिन्छ । त्यो नेपालमा रोग मानिँदैन । तर, नेपालमा केही नमानिएपछि विदेशमा भने टीबी भनिदिँदारहेछन् । मलेसियामा केही हदसम्म ठिक देखिन्छ ।*

हाम्रो श्रमिक जाने गन्तव्य मुलुक १६० भन्दा बढी छन् । पहिला गन्तव्य मुलुक मिडल इस्ट, अमेरिका अस्ट्रेलिया हुन्थ्यो । अहिले युरोपका नामै नसुनेका देशहरूमा समेत जाने गरेका छन् । ती देशहरूले स्वस्थ श्रमिक पठाउनु भन्छ । हामीले पूरै मेडिकल चेकअप गराएर पठाउँछौँ । हामीले स्वस्थ मान्छे पठाउने अनि ३० वर्षको मान्छे अपाङ्ग भएर देश फर्किनुपर्ने बाध्यता छ । यसले हामीलाई रेमिटेन्सभन्दा पनि एक स्वस्थ युवा अपाङ्ग भएर फर्किंदा बढी पीडा हुन्छ ।

यसरी जानुभन्दा मेडिकल 'फिट' छैनन् भने यतैबाट नपठाऊँ । त्यही भएर सरकारले हामीलाई अध्ययन गर्न भनेको थियो । अध्ययनको क्रममा विभिन्न खालको अवस्था देखियो । यता मेडिकल नै परीक्षण नगरी अनफिट भएकाहरूलाई पनि फिट गराएर पठाउने । अर्को भनेको, यहाँबाट फिट भएर जाने तर विदेशमा अनफिट हुने । धुवाँधुलोमा काम गर्ने मान्छेको एक्स-रे गर्दा सेतो दाग देखिन्छ । त्यो नेपालमा रोग मानिँदैन । तर, नेपालमा केही नमानिएपछि विदेशमा भने टीबी भनिदिँदारहेछन् । मलेसियामा केही हदसम्म ठिक देखिन्छ । किनभने नेपालको पनि रेडियोलोजिस्ट बस्ने अनि मलेसियाको पनि रेडियोलोजिस्ट बसेर दुई जनाले डिस्कस गरेर यसलाई ठिक गर्ने कि अनफिट गर्ने भन्ने हुँदो रहेछ । त्यहींबाट रिपोर्टको फाइनल हुँदो रहेछ । नेपालमा छातीमा दाग देखिए रोग मानिँदैन । त्यही एक्स-रे लिएर अमेरिका जानुहुन्छ भने त्यहाँ रोग मान्छ । म एक चिकित्सक हुँ । वर्षौंदेखि बिरामीको उपचार गर्दै आएको छु । तर जब म सरकारले गठन गरेको 'वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षण कार्यको सुधारका लागि गठित अध्ययन कार्यदल' को सदस्यको रूपमा काम गर्न थालेँ, मैले स्वास्थ्य परीक्षणको त्यो पाटो देखेँ, जुन सामान्यतया अस्पतालको कोठाभन्दा बाहिर र धेरै जटिल छ । यो केवल रिपोर्टमा 'फिट' वा 'अनफिट' लेख्ने कुरा थिएनह यो लाखौँ नेपालीको सपना, स्वास्थ्य र जीवनसँग जोडिएको गम्भीर र संवेदनशील विषय थियो । हाम्रो कार्यदलले गरेको अध्ययनका क्रममा हामीले जे देख्यौँ, त्यो साँच्चै नै चिन्ताजनक र बहुआयामिक थियो ।

### 'यहाँ फिट, उता अनफिट'

हामीले सबैभन्दा बढी सुनेको र देखेको समस्या नेपालमा स्वास्थ्य परीक्षण भएर गएकाहरू उता पुगेर हुनु हो । यो सुन्दा सामान्य लाग्छ, तर यसका पछाडि लुकेका कारणहरू निकै जटिल छन् । पहिलो र प्रमुख कारण हो, स्वास्थ्य मापदण्डको भिन्नता । हामी नेपालीहरू धुवाँ, धुलो र प्रदूषणयुक्त वातावरणमा हुर्किएका मान्छे हौँ । हाम्रो जीवनशैली र वातावरणले गर्दा हाम्रो फोक्सोको एक्सरेमा सानो दाग देखिनु सामान्य कुरा हो । यो पुरानो निमोनिया वा सामान्य सङ्क्रमण निको भएपछि बसेको अवशेष हुन सक्छ, जसले स्वास्थ्यमा कुनै असर गर्दैन । तर, जब हाम्रा श्रमिकहरू टीबी उन्मूलन भइसकेका वा अत्यन्तै सफा वातावरण भएका युरोप, अमेरिका वा अन्य विकसित देशहरूमा पुग्छन्, त्यहाँका चिकित्सकहरूले त्यो सानो दागलाई पनि शङ्काको दृष्टिले हेर्छन् । उनीहरूको मापदण्डअनुसार, फोक्सोमा कुनै पनि दाग देखिनु हुँदैन । परिणाम, हाम्रो श्रमिक 'अनफिट' घोषित हुन्छ र लाखौँ खर्च गरेर पुगेको ठाउँबाट रित्तो हात फर्कन बाध्य हुन्छ ।

मलेसियाले यसमा एउटा राम्रो अभ्यास सुरु गरेको थियो । शंकास्पद केसहरूमा नेपालका रेडियोलोजिस्ट र मलेसियाका रेडियोलोजिस्टको संयुक्त प्यानलले एक्स-रे रिपोर्ट हेरेर निर्णय लिन्थ्यो । यसले धेरै हदसम्म अनावश्यक रूपमा फेल हुने समस्यालाई कम गरेको थियो । यस्तो सहकार्य अन्य देशहरूसँग पनि गर्न सकिए यो समस्या धेरै हदसम्म समाधान हुने हाम्रो निष्कर्ष छ । दोस्रो कारण हो, 'विन्डो पिरियड' को दुरुपयोग र अनभिज्ञता । नेपालमा मेडिकल जाँच गरिसकेपछि भिसा प्रक्रिया पूरा भएर विदेश उड्न कहिलेकाहीँ तीन महिनासम्म लाग्छ । यो बिचमा धेरै कुरा हुन सक्छ । जस्तै: हामीले लागुऔषध सेवनको केसहरू धेरै भेट्यौँ । नेपालमा जाँच गर्दा नेगेटिभ देखिए पनि विदेश जाने निश्चित भएपछि साथीभाइसँगको संगतमा वा रमाइलोका लागि लागुऔषध सेवन गर्ने र गन्तव्य मुलुकमा पुग्दा परीक्षणमा पोजिटिभ देखिने घटनाहरू सामान्य छन् । त्यस्तै, महिला कामदारको हकमा गर्भावस्था एउटा प्रमुख कारण हो । जाँच गर्दा गर्भवती नभएकी महिला तीन महिनाको अवधिमा गर्भवती हुन सक्छिन् । यो स्वाभाविक प्रक्रिया हो, तर गन्तव्य मुलुकको कानुनअनुसार गर्भवती महिलालाई काम गर्न दिँदैन । यसले गर्दा उनीहरू पनि अनफिट भएर फर्कनुपर्ने बाध्यता छ ।

### प्रणालीमै छलकपट

हाम्रो अध्ययनको सबैभन्दा डरलाग्दो पक्ष थियो, स्वास्थ्य परीक्षण प्रक्रियामा हुने संगठित छलकपट । पैसाको लोभमा अस्वस्थ व्यक्तिको सट्टा स्वस्थ व्यक्तिले मेडिकल जाँच दिने र नक्कली रिपोर्ट बनाउने प्रवृत्ति निकै भयावह छ । एक व्यक्तिको नाममा अर्को व्यक्तिको फोटो टाँसेर वा अन्य तरिकाले रिपोर्ट बनाइन्छ । यो केवल एक अनैतिक कार्य मात्र होइन, यो एक आपराधिक कार्य हो, जसले कामदारको जीवनलाई नै जोखिममा पार्छ । यसलाई रोक्ने एउटै मात्र प्रभावकारी उपाय हो, बायोमेट्रिक प्रणालीको अनिवार्य कार्यान्वयन । हामीले कार्यदलमा बारम्बार जोड दिएको विषय यही हो । जब हरेक कामदारको औँठाछाप, आँखाको नानी र अनुहारको पहिचानजस्ता बायोमेट्रिक विवरण प्रणालीमा दर्ता गरिन्छ, तब कसैले पनि अर्काको नाममा जाँच दिन सक्दैन । प्रणालीले तुरुन्तै व्यक्ति फरक भएको पत्ता लगाउँछ । यो प्रविधि महँगो छैन र यसलाई लागु गर्न कुनै ठुलो चुनौती पनि छैन । जबसम्म हामी यो प्रविधि अपनाउँदैनौँ, तबसम्म यो छलकपटको जालो तोड्न असम्भव छ ।

### रहस्यमय मृत्युको अर्को डरलाग्दो पाटो

कार्यदलमा काम गर्दा सबैभन्दा बढी मन पोल्ने विषय थियो, विदेशमा हुने नेपाली कामदारको अस्वाभाविक र रहस्यमय मृत्यु । '२२-२४ वर्षको, नेपालबाट जाँदा फष्टपुष्ट र स्वस्थ सुतेको, बिहान उठ्दा मृत भेटियो' यस्ता घटनाहरू हामीले दिनहुँजसो सुन्यौँ । गन्तव्य मुलुकबाट आउने रिपोर्टमा मृत्युको कारण लेखिएको हुन्छ– 'नेचुरल डेथ' (प्राकृतिक मृत्यु) फदयाघात । तर, यो उमेर समूहमा विना कुनै पूर्वरोग यस्तो हुनु अस्वाभाविक हो ।

समस्याको जड हो, पोस्टमार्टमको अभाव । अधिकांश गन्तव्य मुलुकहरूले मृत्युको कारणबारे गहिरो अनुसन्धान नगरी, पोस्टमार्टम नै नगरी शवलाई बाकसमा बन्द गरेर नेपाल पठाइदिन्छन् । उनीहरूको लागि यो एउटा सामान्य प्रक्रिया होला, तर हाम्रो लागि यो एउटा अनुत्तरित प्रश्न र कहिल्यै निको नहुने घाउ बनेर रहन्छ । यदि मृत्युको वास्तविक कारण पत्ता लगाउन सकिने हो भने भविष्यमा त्यस्ता घटना हुन नदिन हामीले नीतिगत सुधार गर्न सक्थ्यौँ । के त्यो मृत्यु अत्यधिक गर्मी, कामको चाप, तनाव, खानपानको गडबडी वा अन्य कुनै कारणले भएको थियो ? यो जान्न जरुरी छ । हाम्रो सुझाव छ, सरकारले कूटनीतिक पहल गरेर गन्तव्य मुलुकमा नै पोस्ट्मार्टम अनिवार्य गर्ने व्यवस्था मिलाउनुपर्छ । यदि त्यसो हुन नसके नेपालमा शव ल्याइसकेपछि परिवारको सहमतिमा पोस्टमार्टम गरेर मृत्युको कारण पत्ता लगाउनुपर्छ । यो मृतकप्रतिको सम्मान पनि हो र जीवितहरूको सुरक्षाका लागि आवश्यक कदम पनि हो ।

### अब के गर्ने त ?

यो समस्याको जालो निकै जटिल छ र यसलाई समाधान गर्न बहुआयामिक पहलको खाँचो छ । एक चिकित्सक र कार्यदलको सदस्यको रूपमा मलाई लाग्छ हामीले तत्काल निम्न कदमहरू चाल्नुपर्छ :

१. प्रविधिमा लगानी: बायोमेट्रिक प्रणालीलाई विना कुनै ढिलाइ अनिवार्य रूपमा लागु गर्नुपर्छ । यसले छलकपटको ढोका सदाका लागि बन्द गर्नेछ ।

२. कूटनीतिक सक्रियता: गन्तव्य मुलुकहरूसँग स्वास्थ्य मापदण्डमा एकरूपता ल्याउन र पोस्टमार्टमको व्यवस्था मिलाउन सरकारले कूटनीतिक पहललाई तीव्र बनाउनुपर्छ ।

३. कडा अनुगमन: श्रम मन्त्रालय, नेपाल मेडिकल काउन्सिल र अन्य सम्बन्धित निकायहरूले मेडिकल सेन्टरहरूको नियमित र कडा अनुगमन गर्नुपर्छ । बदमासी गर्नेलाई कडाभन्दा कडा कारबाही गर्न हिचकिचाउनु हुँदैन ।

४. जनचेतना: कामदार स्वयंलाई पनि 'विन्डो पिरियड' मा अपनाउनुपर्ने सावधानीबारे सचेत गराउनु आवश्यक छ ।

वैदेशिक रोजगारीमा जाने हरेक श्रमिक हाम्रो देशको सम्पत्ति हो । उनीहरूको स्वास्थ्य र सुरक्षाको ग्यारेन्टी गर्नु राज्यको प्रमुख दायित्व हो । स्वास्थ्य परीक्षणलाई केवल एउटा प्रक्रियाको रूपमा नहेरी, यसलाई एक गम्भीर मानवीय र राष्ट्रिय सवालको रूपमा लिन जरुरी छ । जबसम्म हामी यी जटिलताहरूलाई सम्बोधन गर्दैनौँ, तबसम्म 'यहाँ फिट, उहाँ अनफिट' को चक्र र रहस्यमय मृत्युको सिलसिला चलिरहनेछ, र हामी केवल रमिते बनेर हेरिरहन बाध्य हुनेछौँ । दवाडी वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षण कार्यको सुधारका लागि गठित अध्ययन कार्यदल विशेषज्ञ सदस्य हुन् । *-रातोपाटी डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : शुभचिन्तकहरूको सहयोग मिल्नेछ। परिवारबाट कुनै राम्रो सूचना सुन्न मिल्ला। | **तुला** : व्यापारमा नयाँ योजनाहरू कोरिनेछन्। यात्रा गर्दा सावधान रहनुहोस्। |
| **वृष** : सन्तानको साथ र सहयोग मिल्नेछ। वैचारिक छलफलमा रुचि बढ्नेछ । | **वृश्चिक** : व्यक्तित्वमा निखार ल्याउनेछ। क्लाको क्षेत्रमा सफलता मिल्नेछ । |
| **मिथुन** : आफन्तहरूसँग सम्पर्क हुनेछ। विवादबाट जोगिगने प्रयास गर्नुहोस् । | **धनु** : जटिल ठानीएका कार्यहरू सम्पादन हुनेछन्। नयाँ स्थानमा भ्रमणका योग छन्। |
| **कर्कट** : व्यापारमा भावनामा आएर निर्णय नलिनुहोला। आत्मबलमा वृद्धि हुनेछ । | **मकर** : परिवारसँग रमाइलो यात्राका योग छन्। नयाँ अवसर फेला पर्नेछन् । |
| **सिंह** : सम्बन्धमा सुधार आउनेछ । सामूहिक कार्यबाट लाभ प्राप्त हुनेछ । | **कुम्भ** : मान प्रतिष्ठा बढ्नेछ । प्रेम र मित्रताको बन्धन कसिनेछ । |
| **कन्या** : प्रतिष्ठित कार्य गर्ने अवसर मिल्नेछ । सोचेका कार्य पूरा हुनेछन् । | **मीन** : पहिलाका सफलताले थप हौसला जगाउनेछ। कार्यक्षेत्रमा सफलता मिल्नेछ। |




बालकथा

# सर्प र किसानको त्यो दुस्मनी



दुष्मनको अर्थ हुन्छ नराम्रो मन । यसो त मन आफैँमा राम्रो र नराम्रो भन्ने हुँदैन तर कसैले हानि नोक्सानी गरायो, नराम्रोसित गाली गऱ्यो वा केही भन्यो भने जसमाथि त्यस्तो भएको छ वा गरिएको छ उसको मनमा त्यस्तो गर्ने वा भन्ने मानिसप्रति नराम्रो धारणा बन्छ र त्यही मन नराम्रो बन्छ ।

अनि यसैबाट सुरु हुन्छ दुष्मनीको शृंखला । जब यसरी मनमा कसैप्रति नराम्रो धारणा बन्छ तब त्यो कहिल्यै मेटिन्न । उसले त्यस्ता मानिसलाई माफीसम्म दिन त सक्छ तर उसप्रति बनेको नराम्रो धारणा भने मेटिएको हुन्न र कुनै पनि बेला त्यो आफ्नो रूपमा प्रकट हुन सक्छ ।

धेरै पहिलेको कुरा हो । कुनै गाउँमा एक जना किसान थिए । उनी हरदिन खेतमा कडा परिश्रम गरी परिवारको पेट पाल्थे । यसैबाट उनी पनि सन्तुष्ट थिए उनको परिवार पनि सन्तुष्ट थिए । दिनभर खेतमा कडा परिश्रम गर्नुपरे पनि उनीहरूको जीवन सुखी थियो, सुखपूर्वकले जीवन व्यतीत गर्दै आएका थिए । यत्तिकैमा एक दिन उनी खेतमा जाँदा सानो छोरा पनि सँगै गएको थियो । छोरा खेतको गरामा खेल्न थाल्यो उनी काम गर्नतिर लागे । खेल्दै जाँदा संयोगवश उनको छोराबाट सर्पको पुच्छर कुल्चन पुगेछ । यद्यपि उनको छोराले जानीजानी कुल्चेको थिएन । अचानकै गोडा लाग्न पुगेको थियो तर सर्पले सहन सकेन र गोडामा डसिदियो । यहाँ सर्पको पनि गल्ती थिएन । सर्पले आफूलाई आघात नगरे कसैलाई पनि डस्दैन तर जसले आघात गर्छ उसलाई भने बाँकी राख्दैन । यो सर्पको जन्मजात स्वभाव हो । उसले आत्मरक्षाका खातिर यस्तो गर्ने गर्छ । यहाँ पनि यस्तै भएको थियो ।

यसो त सबै सर्प बिखालु हुँदैनन् । निकै कम सर्प मात्र बिखालु हुन्छन् तर संयोगवश त्यस बालकलाई डस्ने सर्प भने बिखालु नै परेको थियो । जब उसले डस्यो कडा बिखका कारण बालकको तत्कालै मृत्यु भयो । आफ्नो एक मात्र छोरो मारेको देखेर किसान निकै रिसाए । त्यही रिसका कारण उनले आँखा देखेनन् र बन्चरो प्रहार गरी सर्पको पुच्छर काटिदिए । उद्देश्य त मार्ने नै थियो तर सर्पले टाउको लुकाउन भ्याएकाले पुच्छर मात्र काटिन पुगेको थियो । पुच्छर काटिएपछि सर्प पनि निकै रिसायो र किसानको गोठमा छिरेर सबै गाई भैँसीलाई डसेर मारिदियो । त्यसपछि किसान निकै डराए । किनभने उनीहरूबिच प्रतिशोधको डरलाग्दो शृंखला सुरु भइसकेको थियो । उनले सके उनी गर्ने सर्पले सके सर्पले गर्ने अवस्थामा पुगिसकेको थियो । यसलाई यस्तै अवस्थामा रहन दिनु भनेको थप नोक्सानी निम्त्याउनु थियो । त्यसैले किसानले आपसमा मित्रता कायम गर्ने विचार गरी सर्पको दुलो नजिक एउटा कचौरामा दूध राखिदिँदै भने- 'सर्प भाइ ! हामीबाट नहुनुपर्ने भयो । रिसको झोकमा मैले पनि आँखा देखिनँ तिमीले पनि देखेनौ । फलत: हामी दुवैको नोक्सानी भयो । यसलाई यस्तै अवस्थामा राख्नु भनेको थप नोक्सानी निम्त्याउनु हो । त्यसैले जे भयो भयो । यसलाई एउटा नमिठो सपना ठानी दुवैले बिर्सिदिऊँ र मित्रताको हात बढाऊँ । तिम्रो दुलो नजिक दूध राखिदिएको छु । आशा छ यसलाई खाएर मेरो प्रस्ताव स्वीकार गर्नेछौ ।'

किसानको त्यस किसिमको कुरा सुनेपछि सर्पले दुलोभित्रबाटै भन्यो- 'किसान भाइ ! दूधको कचौरा लिएर तुरुन्तै यहाँबाट गइहाल । अन्यथा अहिले नै हामीबीच थप नोक्सानी हुन सक्छ । मेरो कारण तिम्रो छोराको मृत्यु भएको छ न त्यो तिमी बिर्सन सक्छौ । तिम्रो कारण मैले पुच्छर गुमाउनुपरेको छ न यो म बिर्सन सक्छु । त्यसैले अब हामीबीच कुनै पनि मित्रता कायम हुन सक्दैन । बलात् कायम गऱ्यौं भने पनि त्यो अभिनयबाहेक केही हुँदैन । त्यसैले राम्रो यही हुन्छ कि तिमी आफ्नो बाटो लाग म आफ्नो बाटो लाग्छु ।' सर्पको कुरा सुनेर किसान निराश भएर घरतिर लागे । संयोगवश त्यसपछि उनीहरूबिच त्यस्तो अप्रिय जम्काभेट भने भएन । थाहा छैन यहाँ केले काम गरेको थियो । सायद किसानको त्यही सुझबुझले काम गरेको पो थियो कि । धेरै पहिलेदेखि पढिँदै र सुनिँदै आएको यस कथामा के कति सत्यता छ त्यो त थाहा छैन तर एक पटक कायम भएको दुष्मनीलाई समय र परिस्थिति अनुसार क्षमासम्म गर्नसम्म गर्न त सकिन्छ बिर्सन सकिन्न भन्ने कुरा भने सत्य हो । त्यसैले त्यस्तो अवस्था आउन नदिनु नै बुद्धिमानी हुनेछ ।

*-रातोपाटी डटकम*

निबन्ध ● ज्ञानेन्द्र विवश


# एउटा विशुद्ध लेखकको अनुभव

यो निबन्ध एउटा विशुद्ध लेखकको लेखन र पठन अनुभव हो । लेख्नु, छापिनु मात्र होइन त्यसलाई पढिनु पनि त्यत्तिकै ठूलो कुरा हो । अझ किताबको रूपमा छापिनु र छापिएपछि बिक्रेताका माध्यमबाट पाठकहरूसम्म पुग्नु अझै ठूलो कुरा हो । यौटा लेखकले आफ्ना अनुभूतिहरूलाई अक्षरबाट व्यक्त गर्दा ती अभिव्यक्ति सबैको साझा हुन्छ । यसरी सार्वजनिक सिर्जनालाई पाठकीय आँखाले हेर्ने र मनले पढ्ने काम हुँदा त्यसको औचित्य सार्थक हुन्छ । त्यतिबेला लेखक आत्मसन्तुष्टिको चरम आनन्दमा रमाउँछ । यद्यपि समकालीन लेखन, प्रकाशन र पठनमा सक्रिय मन जागरुक छैनन् । प्रविधिहरूको विकासले लेख्ने, पढ्ने र छाप्ने सिलसिला क्रमश: सुस्ताउँदै गइरहेको छ । मान्छेका व्यस्तताले बनाएको बेफुर्सदका कारण किताबहरूले पाठक पाउन सकिरहेका छैनन् । पहिलेजस्तो खोजीखोजी किताब पढ्ने र बिक्री हुने परम्परा ध्वस्त भइसकेको छ । यद्यपि पढ्नेहरू पढिरहेका छन् । फुटपाथहरूमा खडेबाबा भएर पनि पढिरहेका छन् । किताब पढ्नेहरू रुचिअनुसार पढ्छन् । कतिले यसो हेरेको जस्तो गर्छन्, पढ्दैनन् । कसैले हेरेको बहानामा पढेर किताबै खान्छन् । यसरी पढेर किताब खानु वा पढ्नु एउटा राम्रो बानी हो । तथापि कतिपय मान्छे पढ्नु भनेपछि आफूलाई 'मरेतुल्य' ठान्छन् । पढ्ने मनै गर्दैनन् । किताब पढ्नलाई 'अल्छी' मान्छन् । किताबको अक्षरहरूमा आँखा लगाउन मन गर्दैनन् । किताबमा एकैछिन मन लगाएर पढ्न फिटिक्कै चाहँदैनन् । तर, कतिपय मान्छे यस्ता किताबप्रेमी हुन्छन्, यतिसम्म पढ्न मन गर्ने हुन्छन् कि किताब पाएपछि खुब पढ्छन्, एकोहोरो पढेको पढेकै गर्छन् । आध्योपान्त किताब पढेर नसिध्याएसम्म उनीहरूले त्यो किताब हातबाट छाड्दै, छाड्दैनन् । अक्षरश: किताबभित्रका अनुभूतिहरूमा चासो र स्वाद लिएर आफू तृप्त भएर पढ्छन् । किताब पढिसकेपछि आनन्दित महसुस गर्छन् । वास्तवमा योभन्दा ठूलो सन्तुष्टि र आनन्द सायद उनीहरूले अरूबाट पाउन सक्दैनन् । र, भन्छन्- 'किताब पढेर मैले धेरै ज्ञान हासिल गरें । मैले नदेखेको धेरै ठाउँ पढेर देख्न पाएँ । मैले नपुगेको ठाउँ पढेर ती धेरै ठाउँमा पुगें । मैले नचिनेका धेरै महान् विभूति व्यक्तित्वहरूलाई चिन्ने अवसर पाएँ । किताब मेरो ज्ञानको भण्डार हो । किताब मेरो प्यारो साथी हो ।' यसरी पढ्नेहरू पुस्तक पसलमा पुगेर पनि पुस्तक छानिरहेका हुन्छन् । छानिएका किताबहरू पढिरहेका हुन्छन् । बसेर पनि पढिरहेका हुन्छन् । उभिएर पनि पढिरहेका हुन्छन् । कति त सुतेर पनि पढिरहेका हुन्छन् । पढ्दापढ्दै सुतिसकेका हुन्छन् । किताबसँगै मस्त निन्द्रामा पनि सायद किताबै पढिरहेको देख्छन् होला कि ! अन्तत: पढ्ने पाठकहरू कुर्सीमा बसेर पढिरहेका हुन्छन् । चौतारीमा बसेर पनि पढिरहेका हुन्छन् । तिनै लेखकका किताब बेचेर बिक्रेताहरूले पनि कमिशन कमाएका छन् । नपढ्नेहरूको बिगबिगीमा यतिसम्म हुनु पनि ठूलै कुरा मान्नुपर्छ । ठूलो सफलता र उपलब्धिको कुरा ठान्नुपर्छ । यसैलाई पठन संस्कृतिको विकासको मापन मान्दै विचरा लेखकहरूले सन्तुष्टिको सास फेर्नुपर्छ । आखिर लेखन भनेको स्वान्तसुखायबाहेक अर्थोक केही होइन । पढ्ने पाठकहरू मैले धेरै-धेरै देखेको छु । धेरै किसिमका पढ्ने पाठकहरूलाई मैले किताब पढेको देख्न पाएर बेग्लै आनन्दको महसुस गरेको छु । कति पाठकहरू यस्ता पनि मैले देखेको छु जो कतै बसको यात्रामा जाँदा झोलाबाट किताब निकालेर पढ्न थालिहाल्छन् । कतै यात्रामा हिँडिरहेका पदयात्री यसो सुस्ताउन लाग्दा झोलाबाट किताबमा आँखा लगाएर आनन्दित हुन्छन् । मलाई लाग्छ यसरी किताबप्रेमी हुनु र किताब पढ्नु भनेको धेरै ठूलो कुरा हो । एउटा लेखकका लागि यस किसिमको दृश्य देख्न पाउनु पनि कम खुशीको कुरा हुँदैन रहेछ । आजका नयाँ पुस्ताका मान्छेहरू किताब भनेपछि 'हाउगुजी' ठान्छन् र किताब पढ्नुलाई 'अल्छी' मान्छन् । तथापि किताब पढ्नेहरू छन् । किताब किन्नेहरू छन् । किताब लेख्नेहरू छन् । किताब सङ्कलन गर्नेहरू छन् । किताबको पुस्तकालय बनाएर त्यसैमा आनन्द लिनेहरू पनि छन् । किताब उपहार दिएर किताब पढ्ने बानीलाई बढाउने मान्छेहरू पनि छन् । सस्तोमा किताब बेचेर किताब पढ्नलाई प्रेरित गर्नेहरू पनि छन् । परन्तु हाम्रो समाजमा किताब पढ्ने ठाउँ धेरै छैन । पुस्तकालयहरू कमै छन् । त्यहाँ पुगेर आफूले मन पराएको र पढ्न खोजेको किताब पढ्न पाइने ठाउँ हुनुपर्छ । पढ्नलाई एकान्त पनि चाहिन्छ । पढ्नलाई अलिकति फुर्सद पनि मिल्नुपर्छ । मुख्य कुरा पढ्नलाई मन हुनुपर्छ । पढ्ने मन भएपछि कस्तै भीड, कामको चाप, दौडादौडमा पनि मान्छेले किताब निकालेर पढिहाल्छन् । कति किताब महङ्गो हुन्छ, किन्न सकिँदैन । कति किताब सस्तो हुन्छ तर किन्न पाइँदैन । यसका लागि किताब पढ्ने पुस्तकालय हुनुपर्छ । जहाँ एकैछिन भए पनि आफूलाई मन परेका किताबमा आँखा लगाउँन पाइन्छ । किताब पढेपछि धेरै कुरा थाहा पाइन्छ । अपितु, हामी कहाँ पुस्तकालयको अभाव छ, पढ्ने ठाउँ छैन । खाने ठाउँ छ, खेल्ने ठाउँ छ, घुम्ने ठाउँ छ । तर, पढ्ने ठाउँ खै ? कतिपयले किताब खोजीखोजी किनेर पढ्छन्, र आफूले पढेको किताब अरूलाई पनि पढ्न दिन्छन् । 'यो किताब यति राम्रो छ कि यो किताब पढेन भने पछुतो मान्नुपर्छ ।' भन्छन् । यसरी किताब पढ्ने बानी गराउनेहरू छन् । किताबको महत्त्व बताउनेहरू छन् । यौटा लेखक, प्रकाशक र बिक्रेताका लागि दु:खको कुरा यो छ कि सरकारले पठन संस्कृतिलाई महत्त्व दिएको छैन । हरेक आर्थिक वर्षको बजेट भाषणमा फलानो, ढिस्कानो क्षेत्रमा यति विनियोजन गरिएको छ भनिन्छ । तर, साहित्य र साहित्यकार, प्रकाशनको निम्ति सरकारले केही गरेको छैन । 'लेखनसत्ता' लाई कुनै पनि 'राज्यसत्ता' ले सामान्य रूपमा पनि महत्त्व दिएको छैन । यति भइकन लेखकहरू आफूले आफैंलाई प्रोत्साहित गर्दै लेखिरहेका छन् । आफूले लेखेको किताब प्रकाशकले छापिदिनु मात्र ठूलो कुरा हुँदैन । त्यो छापिएको किताब पाठकको हातमा पुग्नु त्योभन्दा अझ ठूलो कुरा हो । आज प्रकाशित कतिपय किताबहरू छापिनुपर्ने छापिएका छैनन् । छापिएका किताब पनि प्रकाशककै प्रकाशन भण्डारमा थन्किएका छन् । पाठकहरूले खोजेको किताब पाउन सकेका छैनन् । पाठकहरू राम्रो किताब पढ्न नपाएर छटपटिएका छन् । कति किताब 'पुन: प्रकाशन' को पर्खाइमा छन् । कैयौं किताब 'अनुवाद' को आशामा छन् । वास्तवमा अनुवाद साहित्यले विश्वसाहित्यमा नेपाली किताबको प्रवेश हुने थियो । किताबको विज्ञापन पनि धेरै हुँदैन । पत्रिकामा आउने समीक्षा पनि चिनाजानको बाहेक अरूको खासै हुँदैन । राम्रो किताब र राम्रो लेखकले स्थान पाउन धेरै कठीन छ । लेखक हुन कि धनी, कि नेतृत्वमा बलियो पकड हुनुपर्छ । सितिमितिको किताबले चर्चा पनि पाउँदैन । मूल्याङ्कन पनि गरिँदैन । 'बरु फलानाको किताब पनि छापिएको थियो र ?' भनेर शंका पो गरिन्छ । वास्तवमा किताबप्रेमी पाठकको मन कुन लेखकको किताब छापियो, कुन विधाको छापियो, यसमा चासो हुन्छ । नपढ्ने मान्छेको त कुरा सक्किगयो । पढ्ने मान्छेकै सन्दर्भमा पनि किताबहरूको बारेमा यथार्थ जानकारी खासै नहुँदा किताबप्रतिको मोह घट्दै जानु स्वभाविकै हो । यौटा विशुद्ध लेखकको अनुभवमा लेखक हुनुको 'सन्तोष' कम र 'दु:ख' बढी छ । *-साहित्यपोष्ट डटकम*





**नाम: सम्भव राना**
**ठेगाना : स्याङ्जा**
**उमेर : ८ वर्ष**
**कक्षा : ४**
**स्कुल : श्री बेलरीखान आधारभूत स्कुल**






**नाम: प्रान्सिका भट्टराई**
**उमेर : ७ वर्ष**
**कक्षा : २**
**स्कुल : सेन्ट कपितानियो स्कुल**

# धुर्कोट बालश्रममुक्त पालिका घोषणा



**गुल्मी, असार १८**/जिल्लाको धुर्कोट गाउँपालिका बालश्रममुक्त तथा सडक बालबालिका मुक्त पालिका घोषणा भएको छ । गाउँपालिकाको १७ औं गाउँसभाले बालश्रम मुक्त पालिका घोषणा गरेको हो ।

गाउँपालिका अध्यक्ष भुपाल पोखरेलले बालश्रममुक्त पालिका घोषणा भएको उद्घोष गरेका हुन् । घरधुरी सर्वेक्षण, सर्वेक्षण सहितको प्रस्तावना संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाएको, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट प्रस्तावना स्वीकृत हुनुका साथै तीन लाख रुपैयाँ बजेट प्राप्त, बालश्रम निवारण सम्बन्धी सचेतना र मनोपरामर्श वडा तहमा प्रदान गरिएको, अध्ययन छाडेका विद्यार्थीलाई सीपमूलक तालिम प्रदान गरिएको र पालिकाबाट वडा गरिएको हो ।

धुर्कोट गाउँपालिका बालश्रममुक्त घोषणा हुने गुल्मीको पहिलो पालिका रहेको छ । गाउँपालिकाका अध्यक्ष पोखेलले अभियानका क्रममा दुई जना सडक बालबालिकालाई आवासीय सुविधासहित अध्ययनको व्यवस्थापन गरिएको तथा होटलमा काम गर्ने दुई जना र ट्र्याक्टरमा काम गर्ने दुई जना बालकलाई छुटाएर अभिभावको जिम्मा लगाइएको बताए ।

अध्यक्ष पोखेलले ११ जना बालबालिकालाई सात दिने सीपमूलक हाउसवाइरिङ्ग तालिम प्रदान गरेर आयआर्जनमा जोडिन सक्ने अवस्था निर्माण गरिएको बताए । गाउँपालिकाले अहिलेसम्म पोषणमैत्री, संस्थागत सुत्केरी, पूर्णखोप, खरका छानामुक्तलगायतका राष्ट्रिय अभियान पूरा गरिसकेको उनको भनाइ छ । बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि २०७७ अनुसार घरधुरी सर्वेक्षण, पालिकाका सम्पूर्ण वडामा बालश्रम निवारणसम्बन्धी चेतनामूलक तथा मनोपरामर्श कार्यक्रम, तालिम, वडाहरूमा पालिकास्तरीय समितिबाट अनुगमन गरेर पालिका घोषणाको चरणमा आएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत ज्ञानुराम पन्थीले बताए ।

यस्तै यहाँको गाउँपालिकाको वडा -१ को नयाँ गाउँलाई गुल्मीमा पहिलो पटक बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिएको छ । जिल्ला समन्वय समिति गुल्मीका प्रमुख द्रोण बहादुर खत्रीले उक्त वडालाई औपचारिक रूपमा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरेका हुन । घोषणा कार्यक्रममा बोल्दै समन्वय प्रमुख खत्रीले पूर्वाधार विकासले मात्र मानव विकास सम्भव नहुने उल्लेख गर्दै शिक्षा, स्वास्थ्य तथा बालमैत्री कार्यक्रमहरूमा ध्यान दिनुपर्नेमा जोड दिएका थिए । सोही अवसरमा गाउँपालिकाको तर्फबाट वडा कार्यालयलाई एक लाख नगद सहित सम्मान गरिएको थियो ।

गाउँपालिका अध्यक्ष पोखेलले बालमैत्री स्थानीय शासन लागू गर्नु चुनौतीपूर्ण काम भए पनि पालिकाले यस अभियानमा निरन्तर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । उनले प्रदेश तथा सै सरकारले शिक्षा क्षेत्रमा थप लगानी गर्नुपर्ने आवश्यकता औँल्याउँदै अहिलेको लगानी पर्याप्त नरहेको टिप्पणी गरेका थिए । वडा कार्यालयले ५१ वटा आवश्यक सूचकहरू पुरा गरेपछि मात्र बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिएको हो ।

## काँक्रोखेतीबाट साढे दुई...

...दिलबहादुरले भने, "यसपटक काँक्रो उत्पादन धेरै राम्रो भयो, बजारमा सजिलैसँग बिक्री भएको छ, व्यापारबाट हामी सन्तुष्ट बनेका छौं, मेहेनत गरियो भने उत्पादन राम्रो हुने रहेछ भन्ने अनुभव पाएका छौँ, स्थानीय बजारमै राम्रो खपत भइरहेको छ, हालको बजारमा चलेको बिक्री मूल्य पाउँदा हामी खुसी छौँ ।"

बिरुवा लगाएको ३५ दिनबाट उत्पादन बिक्री गर्न थालेको लालबहादुरले जानकारी दिए । प्रतिकिलो ७० का दरले धमाधम काँक्रो बिक्री गरेर राम्रो आम्दानी भित्रिएको उनी बताउन्छन् । उनले भने, "दिनहुँ काँक्रो टिप्ने बिक्री गर्दैमा दुई जनालाई भ्याइनभ्याईजस्तै हुन्थ्यो, बजार नपाएर समस्या होला भन्ने पिरलो छैन, उत्पादन गर्न सकियो भने स्थानीय बजारमा नै बिक्री भइरहन्छ, यहाँको बजारको मागअनुसार अझै पनि पुऱ्याउन सकिएको अवस्था छैन ।" वैदेशिक रोजगारीबाट फर्केर कृषि व्यवसायमा आबद्ध थापा दाजुभाइले जग्गा भाडामा लिएर खेती गरिरहेका छन् । रामपुर नगरपालिका-४ स्थित देवीस्थानमा ईँटाभट्टा उत्पादन गरेर छाडिएको पत्थरिलो जग्गालाई खेतीयोग्य जमिनमा परिणत गराएर थापा दाजुभाइले तरकारीखेती सुरु गरेका हुन् । सो पत्थरीलो जग्गामा 'हाम्रो आधुनिक कृषिफार्म'को नाममा फार्मै दर्ता गरेर युवाले हराभरा तरकारी फलाएको देख्दा यहाँका स्थानीयवासी दङ्ग छन् । थापा दाजुभाइको व्यवसाय अवलोकन तथा तरकारी लगाउने नयाँ प्रविधि, बीउबिजन, बजारीकरणलगायतका ज्ञान सीप सिक्न जानेको चहलपहल हुन थालेको छ । व्यापारी तथा ग्राहक पनि फार्ममै पुगेर तरकारी खरिद गर्ने गर्छन् । युवाले सुरु गरेको यो फार्म हिजो आज कृषि सिकाइ केन्द्रजस्तै बनेको छ । उनीहरूको व्यवसायको सिको गर्दै कृषि व्यवसायमा युवाको आकर्षण बढेको छ । समयअनुसार व्यवसाय गर्न सकियो भने बजारको समस्या नपर्ने व्यवसायीको अनुभव छ । रामतुलसी नमूना माध्यमिक विद्यालय रामपुरमा अध्ययनरत कृषि बाली विज्ञान विषयका विद्यार्थी पनि बेलाबेलामा आफ्नो विषयसँग सम्बन्धित शिक्षणका लागि यहाँ आएर प्रयोगात्मक सिकाई आर्जन गरिरहेका हुन्छन् । *-रासस*

खेलकुद समाचार

## समयमा सम्पन्न नहुने भयो त्रिवि मैदानको काम



**काठमाडौं, असार १८**/काठमाडौंको कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदान स्तरोन्नतिको काम दोस्रोपटकका लागि तोकिएको मितिमा पनि सम्पन्न नहुने भएको छ ।

बुधबार सहरी विकास मन्त्रालयले पत्रकार सम्मेलनको आयोजना गर्दै स्तरोन्नतिको काम आगामी आर्थिक वर्षसम्म पुग्ने जनाएको हो । स्तरोन्नति कार्यका आयोजना प्रमुख चक्रवर्ती कण्ठले पनि असार मसान्तसम्म काम पूरा नहुने जानकारी दिएका छन् । पहिलोपटक फागुन २१ देखि काम सुरु भएर वैशाखको २४ गतेभित्र काम सकिसक्ने योजना रहेपनि सम्पन्न हुन नसकेपछि प्रधानमन्त्री केपी शर्मा ओलीले असार मसान्तभित्र जसरी पनि काम सकाउन निर्देशन दिएका थिए र सोही अनुसार म्याद थप गरिएको थियो । तर प्राकृतिक तथा विभिन्न प्राविधिक कारणले काम सम्पन्न हुन नसक्ने जानकारी दिइएको हो । फ्लडलाइटको बेस निर्माणको काम यसअघि नै सम्पन्न भइसकेको भएपनि सामान नआइपुगेकाले काम अघि बढ्न सकेको छैन । 'निर्माण व्यवसायीले वर्षा र अन्य कारणले गर्दा काम सम्पन्न हुन नसकेको जनाएका छन्, हामी विश्लेषण गर्दैछौं, केके कारणले कार्यप्रगतिमा ढिलाइ भएको हो त्यो विश्लेषणपछि निर्माण कम्पनीलाई हर्जाना तिराएर पनि म्याद थप गर्न सकिन्छ' आयोजना प्रमुख कण्ठले भनेका छन् । 'अहिलेसम्मको अवस्थामा प्यारापिटतर्फ ७० प्रतिशत भौतिक प्रगति भएको छ, फ्लडलाइटतर्फ ४० प्रतिशत मात्र काम भएको छ' उनले भने ।


वर्गिकृत डिस्प्ले

*१ X ५ साइजमा मात्र*

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


अर्थ/कर्पोरेट समाचार

## नेप्से दोहोरो अंकले बढ्यो




**पाल्पा, असार १८**/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक दोहोरो अंकले बढेको छ । कारोबार साताको तेस्रो दिन मंगलबार २८ दशमलव ९१ अंकले बढेको नेप्से ३३ दशमलव ८१ अंकले बढरुेर २ हजार ६ सय ९४ दशमलव ८१ विन्दुमा अडिएको हो ।

सेन्सेटिभ इण्डरुेक्स १ दशमलव १७ प्रतिशतले बढेर ४ सय ६२ दशमलव १३ विन्दुमा पुगेको छ । नेप्से बढेसँगै कारोबार रकम पनि मंगलबारको तुलनामा वृद्धि भएको छ । यसदिन ९ अर्ब माथिको सेयर कारोबार भएको छ । मंगलबार ७ अर्ब ३ करोडको कारोबार भएको थियो । त्यसअघि साताको पहिलो कारोबार दिन आइतबार र दोस्रो कारोबार दिन सोमबार पनि नेप्से वृद्धि भएको थियो । ३ सय १६ स्क्रिपसको २ करोड ९७ लाख ७६ हजार ६ सय ४ कित्ता सेयर ९ अर्ब ५६ करोड ५२ लाख ६२ हजार १ सय ९० रुपैयाँमा खरिदबिक्री भए । ग्रीन डेभलपमेन्ट बैंक,नेपाल इन्स्योरेन्स र खानीखोला हाइड्रोपावरको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भयो । सिन्धु विकास बैंकको ९ दशमलव २७ प्रतिशतले बढ्दा कर्पोरेट डेभलपमेन्ट बैंकको ९ दशमलव ०५ प्रतिशतले बढ्यो । एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट ५४ करोड बढीको सेयर कारोबार गरी शीर्षस्थानमा रहयो । साहस उर्जाले ४८ करोड मूल्य बराबरको सेयर कारोबार गर्दा शप्तकोशी डेभलपमेन्ट बैंकले ३४ करोड,लक्ष्मी सनराइज बैंकले २९ करोड र बुटवल पावरको २७ करोड मूल्य बराबरको सेयर कारोबार भयो । सबै समूहको उपसूचकमा हरियाली छाएको छ ।

कोरोबारमा आएकामध्ये १८२ स्टक्सको मूल्य बढ्दा ६५ वटाको घट्यो। १ स्टकको मूल्य भने स्थिर रह्यो ।


मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६८, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई